बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०५ संख्या : ०३ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/१४

## कोरोना भाइरस "(कोभिड-१९)" को संक्रमण बाट मृत्यु हुनेको परिवारको लागि नगद/राहत हस्तान्तरण मापदण्ड, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१०/१३
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१०/२५

**प्रस्तावनाः**

कोरोना भाइरस(कोभिड१९)को संक्रमणवाट यस गाउपालिका भित्र स्थायीरुपमा वसोबास गरिरहेका परिवारका सदस्यहरुको मृत्युबाट परिवारमा परेको आर्थिक संकट, मनोबैज्ञानिक वितृष्णा कम गर्न, मृतक परिवारका सदस्यहरुको मनोबल उच्च राख्न, नागरिकप्रति गाउपालिकाको उत्तरदायित्व पुरा गर्न, नागरिकउन्मुख कल्याणकारी राज्यको भूमिका निर्बाह गरी अपनत्व बोध गर्न र परिवारमा राहत पुर्याउने उद्देश्यले बैजनाथ गाउपालिकाको बजेट वक्तव्य, २०७८ को बुदानं २१ को कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन एंन, २०७४ अनुसारको कार्यपालिकीय अधिकारको प्रयोग गरि बैजनाथ गाउपालिकाको कार्यपालिकाले यो मापदण्ड वनाई कार्यान्वयनमा ल्याएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस मापदण्डको नाम' कोरोना भाइरस (कोभिड-१९)" कोसंक्रमणबाट मृत्युहुनेको परिवारको लागि नगद/राहत हस्तान्तरण मापदण्ड, २०७८' रहेको छ ।

(२) यो मापदण्ड प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा मापदण्डमा -

क. “उपचार”भन्नाले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको, पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्वन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ।

ख. "कोभिड-१९"भन्नाले यस SARS-COV-2 भाइरसको संक्रमणबाट मानिसलाई हुने रोग सम्झनुपर्दछ।

ग. "गाउँपालिका " भन्नाले बैजनाथ गाउँपालिका लाई सम्झनुपर्दछ।

घ. "मृतक"भन्नाले कोभिड-१९को संक्रमणवाट बैजनाथ गाउपालिका भित्र स्थायीरुपमा बसोबास गरी स्वदेश वा बिदेशमा कोभिडको कारण मृत्यु हुने बैजनाथ गाउपालिकाको मृतक बासिन्दालाई सम्झनुपर्छ ।

ङ. "राहत" भन्नाले कोभिड-१९को संक्रमणवाट मृत्यु भएका पारिवारले पाउने नगद रकम सम्झिनुपर्छ ।

३. **राहत रकम प्रदान गरिनेः** १) कोभिड-१९को संक्रमणमा परि उपचारको क्रममा मृत्यु हुने बैजनाथ गाउपालिका भित्र स्थायीरुपमा बसोबास गरिरहेका नागरिकहरुको परिवारले यो मापदण्ड बमोजिमको नगदै राहत रकम पाउने छन ।

२) बैजनाथ गाउँपालिकामा कोभिडबाट मृत्यु भएका परिवारलाई नगदै राहत रकम उपलब्ध गराउनको लागि पेश भएका बिबरणहरु एकिन गरी नाम नामेशी सहित कार्यपालिकामा सिफारिस गर्ने प्रयोजनको लागि बैजनाथ गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा आर्थिक प्रशासन शाखा प्रमुख, प्रशासन शाखा प्रमुख, विपद ब्यबस्थापन हेर्ने शाखा प्रमुख सदस्य र स्वास्थ्य शाखा प्रमुख समितिको सदस्य सचिब रहने गरी कार्यक्रम कार्यान्वन समिति गठन हुनेछ।

३) समितिले आफ्नो कार्य संचालन प्रक्रिया आफै निर्धारण गर्नेछ ।

४) समितिले निर्णय तथा सिफारिस गर्न नसकेका बिषयहरु कार्यपालिकाबाट निर्णय तथा कार्यान्वन गरिनेछ ।

५) गाउपालिकाको स्वास्थ्य शाखाले यस समिति वा कार्यक्रमको सचिवालयको काम गर्नेछ ।

## ४. विवरण तथा कागजात पेश गर्नु पर्ने

१) बैजनाथ गाउपालिका भित्र स्थायी घरवास भइ कोभिडको कारणले मृत्यु भएका यस मापदण्ड बमोजिम नगद राहत पाउन योग्य व्यक्ति को परिवारले बैजनाथ गाउपालिकाबाट प्रकाशित सुचना अनुसार अवधि भित्र गाउपालिका वा तोकिएको स्थानमा मृतक को परिवारले निबेदन दिनुपर्ने छ।

२) निबेदन साथ नगद राहत प्राप्त गर्नको लागि पुष्टयाँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी बैजनाथ गाउँपालिकामा पेश गर्नु पर्नेछ।

क. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

ख. मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि

ग. मृतक नाबालक भए जन्मदर्ता प्रमाण पत्र अन्यको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

घ. स्वास्थ्य संस्थाहरुमा चेकजाँच गरी पिसिआर पोजेटिभ भएको रिपोर्ट र अस्पतालले मृतक घोषित गरेको प्रमाणपत्र

ङ. स्थायी बसोबासको नागरिकताको प्रतिलिपि वा बसाइसराइको प्रमाणपत्रको प्रतिलिपि

च. होम आइशोलेशन बसी मृत्यु हुनेको हकमा सम्बन्धित स्वास्थ्य संस्थाको फोकल पर्सनले दिएका बिरामी सम्बन्धि सबै कागजात ( यसको एकिन गाउपालिका स्वास्थ्य शाखाबाट पनि हुने) साथै कोभिड पोजेटिभ भएको तर होम आइशोलेसन बसेको सम्बन्धित वडाको स्वास्थ्यकर्मीको निगरानीमा नरहेको मृतकको हकमा सम्बन्धित वडाबाट सबै विवरण प्रमाणित गरि पेश गर्नु पर्नेछ।

छ. एकाघरको एकिन गर्नको लागि नाता खुल्ने नागरिकाताको प्रमाण पत्र र नखुल्ने भए नाता प्रमाणितपत्र

ज. नगद राहत रकम बैंक मार्फतमात्र भुक्तानी हुने भएकोले निवेदनका साथ बैंक खाता नं खुल्ने बैंकको अर्धकट्टी चेकको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ। हकदाबी गर्ने व्यक्ति नावालक भएको खण्डमा सोझै चेकमार्फत दिन बाधा पर्ने छैन।

झ. यो गाउपालिका भित्र वा नेपाल भित्र मृत्यु हुनेको हकमा यसै बमोजिम र अन्य मुलुकमामृत्यु हुनेको हकमा हकवालाले माथिका सबै विवरणका साथै काम गर्न गएको कम्पनि , भिसा लागेको प्रमाण कागजात ( भारतको हकम नपर्ने ), सम्बन्धित मुलुकका माथि उल्लेख भएका स्वास्थ्य सम्बन्धि प्रमाण पेश भए पछी दफा (२) मा उल्लेखित समितिको सिफारिसका आधारमा कार्यपालिकाको पूर्ण बैठकको निर्णयले दिने नदिने एकिन गर्ने ब्यबस्था मिलाउने कार्य कार्यालयको हुनेछ।

५. **नगद राहत व्यवस्थापनः** (१) बैजनाथ गाउपालिकाको स्थायी बासिन्दाहरु मध्ये कोभिड-१९को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारको क्रममा मृत्यु हुने परिवारको लागि एकमुस्ट राहत रकम प्रति मृतक ४० हजार रुपैयाँ गाउपालिकाको कोभिड कोष वा प्रकोप ब्यबस्थापन कोष वा बार्षिकरुपमा विनियोजित शीर्षकबाट गाउपालिकाले बजेट ब्यबस्थापन गर्ने छ । यो रकममा कुनै कर कट्टी गरिने छैन ।

६. **अनुगमन गर्नेः**नगद राहत बितरण र प्रासिका सम्बन्धमा सम्बन्धित वडाका बासिन्दाले पाए नपाएको वा दुरुपयोग भएको सम्वन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ। गलत मनसायले दुरुपयोग गरेमा असुलउपर गरी सम्बन्धित निकायमा कारवाहीको लागि सिफारिश गर्ने काम कार्यपालिकाको हुनेछ।

७. **गाउँपालिकाले आवश्यक व्यवस्थापन गर्नेः** यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ। यो मापदण्डको खारेजी, संशोधन गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ।

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१